# बीउ उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/०५/१५)*

**प्रस्तावनाः** गुणस्तरीय बीउ उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणमार्फत बीउको सहज आपूर्ति गर्न बीउ उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालनार्थ "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

## १. प्राविधिक पक्षः

(१) यस मापदण्ड बमोजिम "आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम" र "कृषि फर्म/समूह/कृषि सहकारीलाई बीउ उत्पादन, प्रशोधन, प्याकेजिङ तथा भण्डारण सहयोग कार्यक्रम" सञ्चालन हुनेछन्।

(२) उपदफा (१) बमोजिमको कार्यक्रममार्फत खाद्यान्नबाली, तरकारी बाली, तेलहन र दलहन बालीको वीउ उत्पादन सम्बन्धी कार्यक्रम गर्नु पर्नेछ।

(३) यस कार्यक्रममा कृषि फर्म/कम्पनी, कृषक समूह, कृषि सहकारीले प्रस्ताव पेस गर्न सक्नेछन्।

(४) यस कार्यक्रममार्फत बीउ उत्पादनको लागि आवश्यक पर्ने स्रोत बीउ, बाली संरक्षण सामग्री, बीउ सुकाउने, बीउ संकलन, प्रशोधन, प्याकेजिङ, लेवलिङ, भण्डारण, बजारीकरण गर्ने कार्यका लागि आवश्यक सामग्री, यन्त्र उपकरण खरिद एवम् संरचना व्यवस्थापनका कार्य गर्न सक्नेछन्।

## २. आर्थिक पक्षः

(१) वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

## ३. प्रस्ताव मूल्याङ्कनका आधारः

**(१)** आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **१.** | **बीउ उत्पादन गर्ने क्षेत्रफल** | **३०** |
| **१.१** | **खाद्यान्नबाली** | |
| (क) | समूह/सहकारीको हकमाः तराईमा ४० रोपनी र पहाडमा २० रोपनी<br>कृषि फर्मको हकमाः तराईमा २० रोपनी र पहाडमा ५ रोपनी | १० |
| (ख) | बुँदा (क) मा तोकिएको न्यूनतम क्षेत्रफल भन्दा थप क्षेत्रफलका लागि प्रति रोपनी क्षेत्रफल ०.५ अङ्कका दरले थप गरी अधिकतम २० अङ्कसम्म प्रदान गर्ने | २० |
| **१.२** | **दलहन, तेलहन** | |
| (क) | समूह/सहकारीको हकमाः तराईमा ३० रोपनी र पहाडमा १५ रोपनी<br>कृषि फर्मको हकमाः तराईमा २० रोपनी र पहाडमा ५ रोपनी | १० |
| (ख) | बुँदा (क) मा तोकिएको न्यूनतम क्षेत्रफल भन्दा थप क्षेत्रफलका लागि प्रति रोपनी क्षेत्रफल १ अङ्कका दरले थप गरी अधिकतम २० अङ्कसम्म प्रदान गर्ने | २० |

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

| | | |
|---|---|---|
| **१.३** | **तरकारी बाली** | |
| (क) | समूह/सहकारीको हकमा: तराईमा २० रोपनी र पहाडमा १० रोपनी<br>कृषि फर्मको हकमा: तराईमा ५ रोपनी र पहाडमा २ रोपनी | १० |
| (ख) | बुँदा (क) मा तोकिएको न्यूनतम क्षेत्रफल भन्दा थप क्षेत्रफलका लागि प्रति रोपनी क्षेत्रफल १ अङ्कका दरले थप गरी अधिकतम २० अङ्कसम्म प्रदान गर्ने | २० |
| **२.** | **उत्पादन हुने बीउको जात उन्मोचनको समय** | **२०** |
| (क) | वि.सं. २०६५ सा भन्दा पछाडि उन्मोचन भएको | २० |
| (ख) | वि.सं. २०५५-६५ साल सम्म उन्मोचन भएको | १५ |
| (ग) | वि.सं. २०५५ साल भन्दा अगाडि उन्मोचन भएको | १० |
| | *नोटः नेपालमा दर्ता भएका स्थानीय जातहरुको हकमा क्र.सं. २ अनुरुप मूल्याङ्कन गर्दा दर्ता भएको समयलाई आधार मानेर उल्लिखित आधार अनुसार नै मूल्याङ्कन गर्नुपर्नेछ। | |
| **३.** | **बीउ उत्पादक** | **५** |
| (क) | कृषक समूह वा कृषि सहकारी संस्था भएमा | ५ |
| (ख) | अन्य (व्यक्तिगत कृषि फर्म, कम्पनीको हकमा) | ३ |
| **४.** | **अनुदानको अवस्था** | **१५** |
| (क) | पछिल्लो पाँच आ.व. मा बीउ बिजन उत्पादन एवम् प्रशोधन कार्यका लागि अनुदान प्राप्त नगरेको | १५ |
| (ख) | पछिल्लो दुई आ.व. मा बीउ बिजन उत्पादन एवम् प्रशोधन कार्यका लागि अनुदान प्राप्त नगरेको | ७ |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| **५.** | **बीउ उत्पादन सम्बन्धी अनुभव** | **१०** |
| (क) | औपचारिक रुपमा बीउ उत्पादन कार्यको ५ वर्ष भन्दा बढी अनुभव भएको | १० |
| (ख) | औपचारिक रुपमा बीउ उत्पादन कार्यको १ देखि ५ वर्ष सम्मको अनुभव भएको | ५ |
| (ग) | बीउ उत्पादन कार्यको पारम्परिक अनुभव मात्र भएको | २ |
| **६.** | **बीउ उत्पादन हुने जग्गाको अवस्थिति** | **१०** |
| (क) | बीउ उत्पादन कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | १० |
| | नोटः बुँदा ६ को प्रयोजनको लागि बीउ उत्पादन गरिने प्लटबीचको दुरी ५० मिटर भन्दा बढी हुनु हुँदैन। | |
| **७.** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अङ्क प्रदान गर्ने) | **१०** |
| | **जम्मा** | **१००** |

(२) बीउ प्रशोधन, प्याकेजिङ तथा भण्डारण सहयोग कार्यक्रम

| **क्र.सं.** | **मूल्याङ्कनका आधारहरु** | **अङ्कभार** |
|---|---|---|
| **(१)** | **लक्षित वार्षिक प्रशोधन क्षमता** | **२०** |
| (क) | खाद्यान्न बाली १०० मे.टन भन्दा बढी वा तरकारी बाली २ मे.टन भन्दा बढी | २० |
| (ख) | खाद्यान्न बाली ५०-१०० मे.टन वा तरकारी बाली १-२ मे.टन | १५ |
| (ग) | खाद्यान्न बाली ५० मे.टन वा तरकारी बाली १ मे.टन भन्दा कम | १० |
| **(२)** | **गत आ.व.को बिक्री परिमाण** | **१०** |
| (क) | खाद्यान्न बाली २५ मे.टन भन्दा बढी वा तरकारी बाली ०.५ मे.टन भन्दा बढी | १० |
| (ख) | खाद्यान्न बाली १०-२५ मे.टन वा तरकारी बाली ०.२५-०.५ मे.टन | ७ |
| (ग) | खाद्यान्न बाली १० मे.टन भन्दा कम वा तरकारी बाली ०.२५ मे.टन भन्दा कम | ५ |
| **(३)** | **कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था** | **१०** |
| (क) | पक्की सडक र थ्री फेज विद्युतको सुविधा भएको | १० |
| (ख) | सडक र विद्युतको सुविधा भएको | ५ |
| ४ | **जग्गाको स्वामित्व** | **१०** |
| (क) | प्रस्तावकको आफ्नै नाममा जग्गा भएमा | १० |
| (ख) | जग्गा करारमा लिई सञ्चालन गर्ने भएमा | ५ |
| **(५)** | बीउ उत्पादन सम्बन्धी अनुभव | **१०** |
| (क) | औपचारिक रुपमा बीउ उत्पादन कार्यको ५ वर्ष भन्दा बढी अनुभव भएको | १० |
| (ख) | औपचारिक रुपमा बीउ उत्पादन कार्यको १ देखि ५ वर्ष सम्मको अनुभव | ५ |

| | | |
|---|---|---|
| | भएको | |
| (ग) | बीउ उत्पादन कार्यको पारम्परिक अनुभव मात्र भएको | २ |
| **(६)** | **बीउ उत्पादनको अवस्था** | **१०** |
| (क) | क्षमता अनुसार प्रशोधनका लागि प्रस्तावक आफैंले बीउ उत्पादन गर्ने | १० |
| (ख) | क्षमता अनुसार प्रशोधनका लागि सम्बन्धित स्थानीय तह भित्र बीउ उत्पादन हुने | ८ |
| (ग) | क्षमता अनुसार प्रशोधनका लागि सम्बन्धित स्थानीय तह बाहिरबाट समेत बीउ आयात गर्नुपर्ने | ६ |
| **(७)** | **रोजगारी सिर्जना** | **१०** |
| (क) | ३ वा सो भन्दा बढी | १० |
| (ख) | ३ भन्दा कम | ५ |
| **(८)** | **हालसम्म अनुदान प्राप्त गरेको/नगरेको** | **१०** |
| (क) | पछिल्लो दुई आ.व.मा समान प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व.मा समान प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षमता विस्तारको लागि प्रस्ताव पेश गरेको। | ५ |
| **(९)** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव (वित्तीय विश्लेषण, नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अङ्क सम्म प्रदान गर्न सक्ने)** | **१०** |
| | **जम्मा** | **१००** |

४. **<u>निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु:</u>**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजपत्रहरुको अतिरिक्त देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ।

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि।

(ख) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि।

(ग) जग्गा करारमा लिई कार्यक्रम सञ्चालन गर्दा स्थायी संरचना निर्माण गर्नुपर्ने भएमा न्यूनतम १५ वर्ष र अन्य क्रियाकलाप सञ्चालनको लागि न्यूनतम १० वर्ष लागि प्रचलित कानून बमोजिम जग्गा करार सम्झौताको प्रतिलिपि।

(घ) बीउ बिजन उत्पादन तथा कारोबारको लागि अनुमतिपत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि।

(२) प्रस्तावको ढाँचा अनुसूची-१ र अनुसूची-२ बमोजिम हुनेछ।

**५. <u>संशोधनः</u>** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

**६. <u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**७. <u>खारेजी र बचाउः</u>** (१) बीज वृद्धि तथा बीउ बिजनमा आत्मनिर्भरता सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७८ र बीउ प्रशोधन केन्द्र सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रमको प्रस्तावको ढाँचा</u>**

(क) **आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदकको नाम | ठेगाना |
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

**(ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकको नाम | हाल बीउ उत्पादन हुने क्षेत्रफल (हेक्टर/रोपनी) | हालको बीउ उत्पादन (के.जी) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (हेक्टर/रोपनी) | थप हुने उत्पादन (के.जी) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ग) बीउ उत्पादन सम्बन्धी विवरण**

| क.सं. | बाली | स्थर | जात | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**(घ) हाल सञ्चालन गरिरहेका क्रियाकलापहरु**

| क.सं. | क्रियाकलाप | गत आ.व. को परिमाण (मे.टन) |
|---|---|---|
| १. | बीउ उत्पादन | |
| २. | बीउ प्रशोधन | |
| ३. | अन्य | |

**(घ) अनुदान सम्बन्धी विवरण**

| क.सं. | आ.व. | अनुदानको श्रोत | अनुदानबाट सञ्चालित क्रियाकलाप | अनुदान रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(ङ) बीउ उत्पादन सम्बन्धी अनुभव .................. वर्ष**

**(च) कुल अनुमानित उत्पादन**

**(छ) कुल रोजगारी सृजना**

**(ज) सञ्चालन हुने क्रियाकलाप**

| क.सं. | क्रियाकलाप | एकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | प्रस्तावकको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(झ) **बजार व्यवस्था (बजार व्यवस्थापनको उपाय)**

**(ञ) माग गरेको जम्मा अनुदान रकम रु.**

**(ट) अन्य व्यावसायिक योजना**

- नवीनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नवीन सोच/ प्रविधि भए उल्लेख गर्नुहोस )

- अन्य केही विषय भए उल्लेख गर्ने

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**बीउ प्रशोधन, प्याकेजिङ तथा भण्डारण सहयोग कार्यक्रमको प्रस्तावको ढाँचा**

**१. प्रस्तावको ढाँचाः**

**(क) आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदकको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | |

**(ख) निर्माण गरिने बीउ प्रशोधन तथा भण्डारण केन्द्रको क्षमताः.................... मे.टन.**

**(ग) बीउ उत्पादन सम्बन्धी विवरणः**

| क्र.सं. | बीउ उत्पादकको नाम र ठेगाना | बालीको नाम | वार्षिक बीउ उत्पादन परिमाण (मे.टन) | बीउ उत्पादन गरिने स्थान | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(घ) पूर्वाधारको अवस्था**

- निर्माण स्थलको क्षेत्रफल :.............. र कित्ता नम्बर............ र जग्गा धनीको नाम......................
- निर्माण स्थलमा सडकको सुविधाः मुख्य सडकको नाम .................... मुख्य सडक र निर्माण स्थल जोड्ने सडक/बाटोको नाम........... र मुख्य सडक बाटको दुरी..............कि.मि. र सडक/बाटोको किसिम...............
- विद्युत सुविधाः थ्री फेज/टु फेज

**(ङ)** बीउ उत्पादन सम्बन्धी अनुभव .................. वर्ष

**(च) संस्थामा उपलब्ध भौतिक पूर्वाधार तथा मेसिनरि औजारहरुको विवरण**

अन्य भौतिक पूर्वाधार र तिनको क्षमता:

- मेसिनरी उपकरण र तिनको क्षमता:
- कार्यालय कोठा:
- कम्पाउण्ड वाल/ फेन्सीङ:

**(छ) सञ्चालन हुने क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| क. | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ख. | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |

**(ज) माग गरेको जम्मा अनुदान रकम :**

**(झ) अनुदानग्राहीले व्यहोर्ने रकमको श्रोत :**

**(ञ) रोजगारी सिर्जनाः**

**(ट) व्यवसायिक योजना**

- नवीनतम सोचः

- प्रशोधित बीउको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?